# मिति २०७४ साल चैत्र ५ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

१. **कार्यविधि तथा निर्देशिका स्विकृत सम्बन्धमा** :- बकैया गाउँपालिकाको कार्यसञ्चालनका लागी आवस्यक तपसिलको कार्यवधि तथा निर्देशिकाहरु स्विकृत गरी राजपत्रमा प्रकाशन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

- बकैया गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी, २०७४
- बकैया गाउँपालिकाको एफ.एम. रेडियो (व्यवस्थापन र सञ्चालन) कार्यविधी, २०७४
- बकैया गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७४

२. **महेन्द्र मा.वि. को कक्षा अपग्रेड सम्बन्धमा** :- बकैया गाउँपालिका वडा नं. ४ मा रहेको महेन्द्र मा.वि. मा कक्षा १० मा प्राविधिक विषयमा अध्ययन भई रहेकोले सो प्राविधिक शिक्षालाई निरन्तर अगाडी बढाउन कक्षा ११ को अनुमति उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो ।

३. **गाउँ सभामा पेश गर्ने विधेयक सम्बन्धमा** :- बकैया गाउँपालिकाको मिति २०७४ चैत्र ७ गतेदेखी शुरु हुने दोश्रो गाउँ सभा बैठकमा तपसिलका ऐन कानुनका विधेयकहरु छलफल गरी पारित गर्न गाउँ सभा बैठकमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

- बकैया गाउँपालिका आर्थिक कार्यविधि नियमित तथा व्यवस्थीत गर्ने ऐन, २०७४
- बकैया गाउँपालिका कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७४
- बकैया गाउँपालिका सहकारी ऐन, २०७४
- बकैया गाउँपालिका कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४
- बकैया गाउँपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७४
- बकैया गाउँपालिका शिक्षा ऐन, २०७४
- बकैया गाउँपालिका विनियोजन ऐन, २०७४ लाई संसोधन गर्न बनेको विधेयक २०७४
- बकैया गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४
- बकैया गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

४. **बजेट स्विकृति तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा** :- बकैया गाउँपालिकाको विनियोजित बजेटबाट तपसिल अनुसारको कार्यक्रम तपसिल अनुसार कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

- साना उद्योग व्यवसाय प्रवर्धन शिर्षकबाट मिति २०७४ चैत्र १५ गतेसम्म आरन व्यवसाय गरी रहेका व्यक्तिहरुको निवेदन संकलन गरी आरन सुधार कार्यका लागि प्रति परिवार रु १५,००० का दरले बढीमा १२ परिवारलाई अनुदान उपलब्ध गराउने ।
- बकैया सांस्कृतिक महोत्सब हात्तिसुडेको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न उद्योग व्यवसाय प्रवर्धन शिर्षकबाट रु ४,००,००० (चार लाख) उपलब्ध गराउने ।
- राजनैतिक दलको गाउँ स्तरीय र जिल्ला वा प्रदेश स्तरिय भेला/सम्मेलनको कार्यक्रम व्यवस्थापनका लागि बढीमा रु १० हजारसम्म अध्यक्ष ज्युको स्विकृतीमा कार्यक्रम सञ्चालनका लागि सहयोग गर्ने तथा कार्यक्रममा खर्च भएको विल भर्पाइ सहित कागजात पेश भएपछी मात्र भुक्तानी दिने ।

५. **वडा कार्यालय तथा गाउँपालिका कार्यालयको भवन निर्माण सम्बन्धमा :-** बकैया गाउँपालिकाको विभिन्न वडामा मन्त्रालयले दिएको नमूना अनुसार वडा कार्यालय भवन तथा गाउँपालिकाको भवन निर्माण गर्नुपर्ने भएकोले नेपाल सरकारको मापदण्ड अनुसार डिजाइन इष्टिमेट लगायतका कागजात तयार गरी अविलम्ब पेश गर्न प्राविधिक शाखाका इन्जिनियर श्री दिपक राईलाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

६. **पेश्की बेरुजू फर्छ्यौट सम्बन्धमा :-** बकैया गाउँपालिकामा समावेस भएका साविकका गा.वि.स.हरुको जिम्मेवारी सरी आएका पेश्की बेरुजु फर्छ्यौट गर्न वडा कार्यालय मार्फत सम्बन्धीत निकायहरुलाई लेखी पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

७. **स्वास्थ्य कार्यक्रम कार्यान्वयन सम्बन्धमा :-** बकैया गाउँपालिकाको स्विकृत वार्षिक बजेटबाट विनियोजन भएका तपसिलका कार्यक्रमहरु कार्यान्वयन र व्यवस्थापन गर्न स्विकृति दिने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

- सामुदायिक स्वास्थ्य प्रवर्धन अभियान बकैया- ६ को ज्यामिरेमा गर्ने,
- सुरक्षित प्रसुती सेवाको लागि मोनिटरिङ तथा समिक्षा कार्यक्रम र क्लिनिकल अपडेट कार्यक्रम गर्ने स्थानको व्यवस्थापन गरी संचालन गर्ने जिम्मेवारी स्वास्थ्य संयोजकलाई दिने ।
- पुर्ण पोषणयुक्त वडा अभियान र पुर्ण संस्थागत सुत्केरी वडा घोषणा अभियान बकैया- ३ र ४ मा गर्ने,
- पि एन सि कम भएको गाउँपालिकामा पि एन सि वढाउन रणनैतीक योजना कार्यक्रम र पुर्णखोप सुनिश्चितताको लागि कार्यशाला गोष्ठी यहि मिति २०७४/१२/१९ गते विहान र वेलुकाको समयमा गर्ने र सो कार्यक्रममा निर्देशिकामा उल्लेख भए वाहेक गाउँ कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, बालमैत्री संयोजक र लेखा प्रमुखलाई पनि सहभागि गराउने,
- मन्थलि स्वास्थ्य चौकीको बर्थिङ सेन्टरको अ.न.मी. को तलव २०७४/१०/०१ गते देखि लागु हुने गरी २२,१७०।०० कायम गर्ने,
- बकैया-११ मा रहेको स्वास्थ्य क्लिनिकको स्वास्थ्यकर्मी रिक्त रहेकोले वडा कार्यालयले गाउँपालिकालाई गरेको सिफरिसको आधारमा अहेव वा अनमि मध्ये एक स्वास्थ्यकर्मीलाई नियुक्ति दिने,

८. **स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका सम्बन्धमा :-** बकैया गाउँपालिकामा शसर्त तथा वित्तिय सम्मानिकरणबाट प्राप्त रकमबाट विनियोजित बजेट कार्यान्वयन गर्न तपसिल अनुसारको स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका २०७४ लाई स्विकृति गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**तपसिल**

# बकैया गाउँपालिकाको स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका २०७४

नेपालको संविधानले आधारभुत स्वास्थ्य लाई मौलिक हकको रुपमा सुनिश्चीत गर्दै प्रत्येक नागरिकले राज्यवाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने व्यवस्था गरेको छ । यसका लागि स्वास्थ्य सेवा संचालन गर्ने अधिकारलाई केन्द्र सरकारको मातहतमा मात्र नराखी स्थानिय तहमा समेत राखिएको छ । दिगो विकास लक्ष्य अनुरुप सवै उमेर समुहका नागरिकको स्वस्थ जिवन र स्वास्थ्य प्रवर्धनको सुनिश्चतताको लागि यस क्षेत्रको विकासमा विशेष प्राथमिकता दिनु आवश्यक छ । तसर्थ केन्द्र सरकार बाट छुट्याईएका कार्यक्रमहरु जुन आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अपर्याप्त छन् स्थानिय तहबाट व्यवस्थापन गरि आधारभुत स्वास्थ्य सेवालाई जनताको माझ सम्म निर्वाध रुपमा पुर्याउन आवश्यक रहेकोले सो कार्यको लागि यस बकैया गाउँपालिका क्षेत्रभित्र स्थानिय तहबाट संचालन हुने कार्यक्रमहरुको संचालन निर्देशिका वनाई कार्यक्रमहरुलाई निर्वाध ढंगले अगाडी वढाउन जरुरी रहेकोले यो निर्देशिका बनाई कार्यान्वयनमा ल्याइएको छ ।

**१.महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातायात खर्च :** यस बकैया गाउँपालिका अन्तर्गत काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि उनिहरुले यि निम्न लिखित कार्यहरु गरे वापत सम्बन्धीत स्वास्थ्य संस्थावाट प्रमाणीत भएको आधारमा प्रती महिना प्रती महिला स्वास्थ्य स्वयंसेविका एक हजारका दरले यातायात खर्च उपलब्ध गराईनेछ ।

क) आमा समुहको बैठक संचालन ।

ख) गाउँघर क्लिनिक र खोप क्लिनिकमा सहयोग ।

ग)आफ्नो कार्यक्षेत्रमा स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु संचालन ।

घ)स्वास्थ्य संस्थामा हुने नियमित मासिक बैठकमा सहभागि ।

**२.थप महिला स्वास्थ्य स्वयंसेविकाहरुको पोसाक भत्ता :** नेपाल सरकारले प्रत्येक वर्ष महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि पोसाक भत्ताको व्यवस्था गरेको छ । यो बकैया गाउँपालिका जनसंख्या र भुगोल दुवै हिसावले ठुलो रहेकोले विगतमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुले मात्र सवै क्षेत्र समेट्न नसक्ने हुनाले यस गाउँपालिकाले थप छ जना महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्था गरे अनुसार उनीहरुलाई नेपाल सरकारले तोके अनुसारको पोसाक भत्ता उपलव्ध गराईनेछ ।

**३.थप महिला स्वास्थ्य स्वयं सेविकाहरुको समिक्षा बैठक खर्च :** नेपाल सरकारले प्रत्येक वर्ष दुई पटक महिला स्वास्थ्य स्वयंसेविका हरुको समिक्षा बैठकको व्यवस्था गरेको छ। यो बकैया गाउँपालिका जनसंख्या र भुगोल दुवै हिसावले ठुलो रहेकोले विगतमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाले मात्र सवै क्षेत्र समेट्न नसक्ने हुनाले यस गाउँपालिकाले थप छ जना महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्था गरे अनुसार उनिहरुलाई नेपाल सरकारले तोके अनुसारको समिक्षा बैठक भत्ता लगायतका सुविधाहरु उपलव्ध गराईनेछ ।

**४.राष्टिय भिटामिन ए कार्यक्रममा थप केन्द्र मार्फत भिटामिन ए खुवाउने कार्यक्रम खर्च :** नेपाल सरकारले प्रत्येक वर्ष महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत विभिन्न केन्द्रहरुबाट छ महिना देखि पाँच वर्ष सम्मका वालवालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि खुवाउने व्यवस्था गरेको छ । यो बकैया गाउँपालिका जनसंख्या र भुगोल दुवै हिसावले ठुलो रहेकोले विगतमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाले र भिटामिन ए खुवाउने केन्द्रले मात्र सवै क्षेत्र समेट्न नसक्ने हुनाले यस गाउँपालिकाले थप स्वयंसेवक र थप केन्द्रको व्यवस्था गरेको छ । जसअनुसार त्यस्तो स्थानहरुवाट भिटामिन “ए” वितरण गर्ने स्वयंसेवकहरुलाई नेपाल सरकारले तोके अनुसारको भत्ता उपलव्ध गराईनेछ ।

**५.बथिङ सेन्टरमा अनकल ड्युटीमा बस्ने नर्सिङ स्टाफलाई खाजा खर्च :** नेपाल सरकारले नो होम डेलिभरीको लक्ष्यलाई पुरा गर्नको लागि यस बकैया गाउँपालिकाले हाल यस गाउँपालिकामा भएका सम्पुर्ण छ वटै स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर सञ्चालन गर्ने कार्यक्रम अनुसार प्रत्येक दिन २४ सै घण्टा अनकल ड्युटी गर्ने नर्सिङ्ग स्टाफलाई खाजा खर्च प्रती दिन रु एक सयको दरले उपलव्ध गराईनेछ । यो रकम निजहरुको अनकल ड्युटी बसेको प्रमाणीत हाजिरीको आधारमा दिईनेछ ।

**६.प्रशुती गराए वापत गराउँने र सहयोग एवं व्यवस्थापन गर्ने स्वास्थ्यकर्मी लाई खाना खर्च :** नेपाल सरकारले नो होम डेलिभरीको लक्ष्यलाई पुरा गर्नको लागि यस बकैया गाउँपालिकाले हाल यस गाउँपालिकामा भएका सम्पुर्ण छ वटै स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर संचालन गर्ने कार्यक्रम अनुसार सवै स्वास्थ्य संस्थामा यो सेवा उपलव्ध गराईएको छ । प्रसुती हुने महिलाहरुको लागि नेपाल सरकारले नै यातायात खर्चको व्यवस्था गरेको छ । यो कार्यक्रमको थप प्रभावकारीताको लागि सेवा प्रदान गर्ने नर्सिङ स्टाफलाई प्रती प्रसुती रु ६०० का दरले र प्रसुती कार्यमा सहयोग एवं व्यवस्थापन गरे वापत प्रती प्रसुती रु १०० का दरले खाना खर्च वापतको रकम उपलव्ध गराईनेछ । यो रकम निजहरुको स्वास्थ्य संस्थाबाट आएको प्रसुती प्रतीवेदनको आधारमा दिईनेछ ।

**७. बर्थिङ सेन्टर सरसफाई :** नेपाल सरकारले नो होम डेलिभरीको लक्ष्यलाई पुरा गर्नको लागि यस बकैया गाउँपालिकाले हाल यस गाउँपालिकामा भएका सम्पुर्ण छ वटै स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर संचालन गर्ने कार्यक्रम अनुसार सवै स्वास्थ्य संस्थामा यो सेवा उपलव्ध गरिएको छ । यो कार्यक्रमको थप प्रभावकारीताको

लागि बर्थिङ्ग सेन्टर सरसफाई गर्ने कर्मचारीहरुलाई पारिश्रमिकको व्यवस्था गरिएको छ । हाल प्रसुतीको चाप र उपलब्ध कर्मचारीको आधारमा छतिवन प्राथमिक स्वास्थ्य केन्द्र र हात्तिसुडे सामुदायिक ईकाइमा एक एक जना सरसफाई गर्ने कर्मचारीको व्यवस्था गरिएको छ । यो कार्यको लागि प्रती संस्था रु ६,५००। का दरले उपलब्ध गराईनेछ । यो रकम निज कर्मचारीहरुको हाजिरी विवरण अनुसार स्वास्थ्य संस्थालाई प्रदान गरिनेछ ।

**८. छतिवन प्राथमिक स्वास्थ्य केन्द्रको चौवीस घण्टे आकस्मिक सेवा संचालन :** छतिवन प्राथमिक स्वास्थ्य केन्द्रको चौवीस घण्टे आकस्मिक सेवालाई प्रभावकारी रुपमा संचालन गर्नको लागि २४ सै घण्टा अनकल ड्युटिमा खटिने स्वास्थ्यकर्मीहरुलाई रकम विनियोजन गरिएको छ । प्रती नाईट डाक्टरलाई रु ५००। र स्वास्थ्यकर्मी हेअ वा सिअहेव लाई रु ३००। वा अहेव लाई रु २०० को आधारमा दिईनेछ । सो रकमको भुक्तानि निजहरुको प्रमाणीत हाजिरीको आधारमा दिईनेछ ।

**९.थप ३ वडामा स्वास्थ्य संस्था संचालन :** बकैया गाउँपालिका जनसंख्या र भुगोलका हिसावले ठुलो गाउँपालिका मध्येको एक हो । यो दक्षिणमा तराई देखि उत्तरमा महाभारत पर्वत सम्म फैलिएको छ । यसको क्षेत्र ठुलो रहेकोले विगतमा भएको स्वास्थ्य संस्थाहरुले सम्पुर्ण क्षेत्रका जनसमुदाय लाई नसमेट्ने साथै नेपाल सरकारको प्रत्येक वडामा एक स्वास्थ्य संस्था रहने निती अनुसार थप तिन वटा वडामा स्वास्थ्य संस्था निर्माण गरि चार वटा वडामा सेवा विस्तार गर्ने योजना अनुरुप बजेट विनियोजन गरिएको छ । जस अनुसार वडा नं. १, ६ र ११ मा स्वास्थ्य संस्थाको निर्माण गर्ने र वडा नं. १, ६, ७, र ११ मा स्वास्थ्य सेवा विस्तार गर्ने कार्यक्रम रहेको छ । यो कार्यको लागि ३ जना स्वास्थ्यकर्मी करारमा राखि निजहरुलाई मासिक रु १२०००। पारिश्रमिकको व्यवस्था गरिनेछ । सो रकमको भुक्तानि निजहरुको प्रमाणीत हाजिरीको आधारमा दिईनेछ ।

१०. **स्वास्थ्य संस्था प्रमुख हरुको गाउँपालिका स्तरिय बैठक कार्यक्रम :** स्वास्थ्य संस्थाको नियमित रिपोटिङ्ग कार्यलाई प्रभावकारी वनाउनका साथै स्वास्थ्य संस्थाका विभिन्न गतिविधिहरुको नियमित अनुगमनको लागि गाउँपालिका स्तरमा नियमित बैठकको लागि बजेटको विनियोजन गरिएको छ । यसमा व्यवस्था गरिएको रकम खर्च गर्दा रिर्पोट ल्याउने प्रमुख वा स्वास्थ्यकर्मीलाई आतेजाते वापत उपलब्ध गरिनेछ । जसमा ठिंगन स्वास्थ्य चौकीवाट आउनेलाई रु १,८००। , मन्थलि स्वास्थ्य चौकीवाट आउनेलाई रु १,६००। , शिखरपुर स्वास्थ्य चौकीवाट आउनेलाई रु १,०००। , धियाल स्वास्थ्य चौकीवाट आउनेलाई रु १,१००। र हात्तिसुडे सामुदायिक स्वास्थ्य इकाईवाट आउनेलाई रु ४००। का दरले उपलब्ध गराईनेछ ।

**११. डार्करुम र गर्भपतन सेवा कक्ष निर्माण कार्यक्रम :** यस बकैया गाउँपालिकाका स्वास्थ्य संस्थाहरु मध्ये हात्तिसुडे सामुदायिक स्वास्थ्य इकाईमा सुरक्षित गर्भपतन सेवाको विस्तार गर्नको लागि जिल्ला जनस्वास्थ्य कार्यालय र आइपास नेपालले विशेष सहयोग गरेको र सोको लागि केहि मर्मतको काम गाउँपालिका मार्फत गर्नुपर्ने भएकोले र छतिवन प्राथमिक स्वास्थ्य केन्द्रमा एक्सरे सेवा संचालन गर्नको लागि आवश्यक मर्मत कार्य गर्नुपर्ने भएकोले सो कार्यहरुको लागि अवश्यक बजेटको व्यवस्था गरिएको छ । यसमा व्यवस्था गरिएको रकम खर्च गर्दा गाउँपालिकाको नियम र आवश्यक प्रक्रीया पुऱ्याई गरिनेछ ।

**१२. जिल्ला स्तरिय बैठक कार्यक्रम :** यस बकैया गाउँपालिकामा भएका स्वास्थ्य सम्बन्धि गतिविधीको वारेमा नियमित रुपपमा जिल्ला जनस्वास्थ्य कार्यालयलाई जनकारी दिन, त्यसको रिपोर्ट केन्द्र स्तरमा अनलाईन मार्फत पठाउन एवं स्वास्थ्यका क्षेत्रमा गर्नुपर्ने विविध कार्यक्रमका वारेमा जानकारी लिन साथै जनस्वास्थ्यका विषयमा आपुर्ति व्यवस्थापन गर्न यस शिर्षक अन्तरगत बजेटको व्यवस्था गरिएकोछ । यसमा विनियोजन गरिएको बजेट भ्रमण खर्चको रुपमा नेपाल सरकारको नियम अनुसार खर्च गरिनेछ ।

**१३. आकस्मिक महामारी लगायत :** स्वास्थ्य समस्या कहाँ कतीखेर कसलाई हुन्छ थाहा हुदैन । झन् यसले माहामारीको रुप लियो भने परिणाम अत्यास लाग्दो हुन्छ । यस बकैया गाउँपालिकामा पनि विगतमा कैयन प्रकारका महामारी फैलिसकेका छन् । यस्तो अवस्थामा तत्काल स्वास्थ्यकर्मी परिचालन र अत्यावश्यकीय औषधि

खरिदको लागि बजेटको व्यवस्था गरिएको छ। यसमा व्यवस्था गरिएको रकम खर्च गर्दा गाउँपालिकाको नियम र आवश्यक प्रक्रीया पुऱ्याई गरिनेछ।

**१४.ईन्धन र संचार :** स्वास्थ्यका गतिविधिहरुलाई नियमित रुपमा मोनिटरिङ गर्न, स्वास्थ्यकर्मीहरुको आवश्यक निगरानी गर्न , स्वास्थ्यका विभिन्न कार्यक्रमहरु संचालन गर्न , महिला स्वास्थ्य स्वयंसेविका लगायतका वडा तथा टोल स्तरमा कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक पर्ने ईन्धन तथा संचारको लागि बजेटको व्यवस्था गरिएको छ। यसमा विनियोजन भएको रकम आवश्यकता अनुसार खर्च गर्न सकिनेछ।

**१५.स्वास्थ्य संस्था अनुगमन :** यस बकैया गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुलाई नियमित एवं मर्यादित बनाउनका लागि नियमित अनुगमन गर्नु जरुरी हुन्छ । स्वास्थ्य संस्थामा आईपरेका विभिन्न समस्याहरुको निराकरण गर्न स्थलगत अवलोकनको ठुलो भुमिका रहेको हुन्छ। यस आर्थिक वर्षमा कम्तीमा एउटा संस्थामा दुईपटक अनुगमन गरि स्वास्थ्य संस्थामा रहेका समस्याको तत्काल समाधान गर्ने र सेवा प्रभावकारी एवं नियमित भए नभएको बारे यकिन गरि आवश्यक कदम उठाउनका लागि बजेटको विनियोजन गरिएको छ। यस अनुसार गरिएको खर्चको भुक्तानि सरकारी नियमानुसार गरिनेछ।

**१६. स्वास्थ्यकर्मी हरुलाई पुरस्कार :** यस बकैया गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुलाई नियमित अनुगमन गरि मुल्याकनको आधारमा काम गर्ने कर्मचारीहरुलाई उत्प्रेरणा प्रदान गर्नको लागि पुरस्कारको व्यवस्थाको लागि बजेटको विनियोजन गरिएको छ । नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा तोकेका विभिन्न सुचकांक, नियमितता, सहजता, प्रभावकारीता जस्ता बिषयवस्तुहरुलाई ध्यानमा राखि मुल्याकन गरिनेछ । पुरस्कार रकम व्यक्तिगत रुपमा वढीमा प्रती व्यक्ति ५०००। का दरले वितरण गरिनेछ।

**१७. सामाग्री एवं फर्निचर खरिद :** बकैया गाउँपालिका जनसंख्या र भुगोलका हिसावले ठुलो गाउँपालिका मध्येको एक हो । यो दक्षिणमा तराई देखि उत्तरमा महाभारत पर्वत सम्म फैलिएको छ । यसको क्षेत्र ठुलो रहेकोले विगतमा भएको स्वास्थ्य संस्थाहरुले सम्पुर्ण क्षेत्रका जनसमुदायलाई नसमेट्ने साथै नेपाल सरकारको प्रत्येक वडामा एक स्वास्थ्य संस्था रहने निती अनुसार थप तिन वटा वडामा स्वास्थ्य संस्था निर्माण गरि चार वटा वडामा सेवा विस्तार गर्ने योजना अनुरुप बजेट विनियोजन गरिएको छ। जस अनुसार वडा नं. १, ६ र ११ मा स्वास्थ्य संस्थाको निर्माण गर्ने र वडा नं. १, ६, ७, र ११ मा स्वास्थ्य सेवा विस्तार गर्ने कार्यक्रम रहेको छ। यो कार्यमा आवश्यक फर्निचरको लागि दराज २ थान, प्लास्टिकको कुर्सि १२ थान, विरामी जाँच्ने वेड ३ थान, स्टीलको र्‍याक ५ थान, कुर्सि ७ थान खरिद गरिनेछ।

**आजको बैठक दिनको १२:३० बजे शुरु भई ५:३० बजे सम्पन्न गरियो।**